# वैज्ञानिक समाजलाई अनुदान सहयोग कार्यविधि, २०७९

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

सिंहदरबार, काठमाडौं

# **वैज्ञानिक समाजलाई अनुदान सहयोग कार्यविधि, २०७९**

**प्रस्तावना**

विज्ञान तथा प्रविधि सम्बन्धी प्रकाशनलाई सहयोग गरी निरन्तरता दिन, मुलुकभित्र हुने अनुसन्धानको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रचार-प्रसार गर्न र विज्ञान तथा प्रविधिको क्षेत्रमा क्रियाशिल रहेका वैज्ञानिक समाजको संस्थागत विकास तथा अनुसन्धान र प्रकाशनमा अभिप्रेरित गरी वैज्ञानिक समाजलाई अनुदान सहयोग गर्ने कार्यक्रमलाई सरल, सहज, प्रभावकारी र पारदर्शी ढंगले कार्यान्वयन गर्न वाञ्छनीय भएकोले,

विनियोजन ऐन, २०७९ को दफा ९ उपदफा (२) को अधिकार प्रयोग गरी नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले यो कार्यविधि बनाई लागू गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "वैज्ञानिक समाजलाई अनुदान सहयोग कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "जर्नल" भन्नाले वैज्ञानिक समाजले प्रकाशन गरेका आफ्नो विषयसँग सम्बन्धित कम्तीमा दशवटा शोधपत्र समावेश भएको पुस्तिका सम्झनु पर्छ ।

(ख) "मन्त्रालय" भन्नाले नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्छ ।

(ग) "वैज्ञानिक समाज" भन्नाले विज्ञान तथा प्रविधिसँग सम्बन्धित एउटै विषयमा कम्तीमा स्नातकोत्तर गरेका व्यक्ति सदस्य रहने गरि विधानमा व्यवस्था भएको र विज्ञान तथा प्रविधिसँग सम्बन्धित विषयको खोज, अनुसन्धान, जर्नल प्रकाशन, सभा, सम्मेलन, कार्यशाला, गोष्ठी आदि सञ्चालन गर्ने उद्देश्य राखी प्रचलित कानून बमोजिम स्थापना भएको गैरनाफामूलक संस्था सम्झनु पर्छ ।

(घ) "अनुदान सहयोग" भन्नाले मन्त्रालयले स्वीकृत कार्यक्रम बमोजिम वैज्ञानिक समाजलाई जर्नल प्रकाशन गर्न उपलब्ध गराउने रकम सम्झनु पर्छ ।

३. **सम्पर्क एकाइ रहनेः** यस कार्यक्रम सञ्चालनका लागि मन्त्रालयको वैज्ञानिक अनुसन्धान शाखा सम्पर्क एकाइको रुपमा रहनेछ ।

४. **निवेदन माग गर्नु पर्नेः** (१) मन्त्रालयले अनुदान सहयोग उपलब्ध गराउने प्रयोजनको लागि राष्ट्रिय स्तरको दैनिक पत्रिकामा एक्काइस दिनको म्याद दिई अनुसूची-१ बमोजिमको सार्वजनिक सूचना प्रकाशन गरी वैज्ञानिक समाजबाट निवेदन माग गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र अनुदान प्राप्त गर्न चाहने इच्छुक वैज्ञानिक समाजले अनुसूची-२ बमोजिमको ढाँचामा मन्त्रालय समक्ष निवेदन दिनु पर्नेछ ।

५. **अनुदान सहयोग प्राप्त गर्न पूरा गर्नु पर्ने शर्तः** (१) वैज्ञानिक समाजले अनुदान सहयोग प्राप्त गर्न देहायको शर्त पूरा गरेको हुनु पर्नेछः-

(क) संस्था दर्ता भएको कम्तीमा पाँच वर्ष पूरा भएको,

(ख) पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण र साधारण सभा सम्पन्न गरेको,

(ग) पछिल्लो पाँच वर्षमा कम्तीमा तीन वटा जर्नल प्रकाशित गरेको, र

(घ) संस्थामा कम्तीमा एक सय जना नवीकरण गरेका स्थायी सदस्य भएको ।

(२) उपदफा (१) बमोजिमको कुनै एक शर्त पूरा नगरेको वैज्ञानिक समाज यस कार्यविधि बमोजिम सहयोग रकम प्राप्त गर्न योग्य हुने छैन ।

६. **छनौट समितिः** (१) दफा ४ बमोजिम वैज्ञानिक समाजले पेश गरेका निवेदन सहितका कागजातहरु छानवीन गरी योग्य वैज्ञानिक समाज छनौट गरी मन्त्रालय समक्ष सिफारिस गर्न एक छनौट समिति रहनेछ ।

(२)छनौट समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) महाशाखा प्रमुख, विज्ञान तथा प्रविधि महाशाखा, मन्त्रालय - संयोजक

(ख) आर्थिक प्रशासन शाखा प्रमुख, आर्थिक प्रशासन शाखा, मन्त्राल - सदस्य

(ग) शाखा प्रमुख, कानून तथा फैसला कार्यान्वयन शाखा, मन्त्रालय - सदस्य

(घ) शाखआ प्रमुख, वैज्ञानिक अनुसन्धान शाखा, मन्त्रालय - सदस्य

(ङ) प्रतिनिधि, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान - सदस्य

(च) प्रतिनिधि, विश्वविद्यालय अनुदान आयोग - सदस्य

(छ) प्रविधिक अधिकृत, वैज्ञानिक अनुसन्धान शाखा, मन्त्रालय - सदस्य-सचिव

(३) छनौट समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(४) छनौट समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(५) छनौट समितिको बैठकमा भाग लिए वापत सदस्यले नेपाल सरकार, अर्थ मन्त्रालयले स्वीकृत गरेको मापदण्ड बमोजिमको बैठक भत्ता पाउनेछ।

(६) छनौट समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

७. **<u>छनौट समितिको काम, कर्तव्य र अधिकारः</u>** छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) वैज्ञानिक समाजले दफा (५) बमोजिमको शर्त पूरा गरे, नगरेको छानविन गर्ने,

(ख) दफा (८) बमोजिमको आधारमा वैज्ञानिक समाजको छनौट गर्ने,

(ग) मन्त्रालयमा उपलब्ध बजेट रकमको आधारमा सबैभन्दा बढी अङ्क प्राप्त गर्ने वैज्ञानिक समाजलाई योग्यताक्रम अनुसार अनुदान सहयोग उपलब्ध गराउन मन्त्रालय समक्ष सिफारिस गर्ने,

(घ) मन्त्रालयले तोकेको अन्य कार्य गर्ने।

८. **<u>वैज्ञानिक समाज छनौटका आधारहरुः</u>** (१) वैज्ञानिक समाज छनौटका आधारहरु अनुसूची-३ बमोजिम हुनेछन्।

९. **<u>अनुदान सहयोग उपलब्ध गराउनेः</u>** (१) मन्त्रालयले छनौट भएको वैज्ञानिक समाजलाई न्यूनतम दुई लाख रुपैयाँ र अधिकतम् तीन लाख रुपैयाँ अनुदान सहयोग उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अनुदान सहयोग एक आर्थिक वर्षमा एक पटक मात्र दिइनेछ ।

(३) उपदफा (१) बमोजिमको अनुदान सहयोग देहाय बमोजिम प्राप्ताङ्कको आधारमा उपलब्ध गराइनेछः-

| प्राप्ताङ्क | अनुदान सहयोग |
|---|---|
| कुल पूर्णाङ्कको असी प्रतिशत वा सोभन्दा माथि अङ्क प्राप्त गरेमा | तीन लाख रुपैयाँ |
| कुल पूर्णाङ्कको साठी प्रतिशत वा सो भन्दा माथि असी प्रतिशतभन्दा कम अङ्क प्राप्त गरेमा | दुई लाख रुपैयाँ |

(४) कुल पूर्णाङ्कको साठी प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने वैज्ञानिक समाज अनुदान सहयोग प्राप्त गर्न योग्य हुने छैन ।

(५) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयमा उपलब्ध बजेट रकमको आधारमा सबैभन्दा बढी अङ्क प्राप्त गर्ने वैज्ञानिक समाजको योग्यताक्रमको आधारमा अनुदान सहयोग दिइनेछ ।

१०. **<u>छनौटको जानकारीः</u>** अनुदान सहयोगका लागि छनौट भएको वैज्ञानिक समाजलाई मन्त्रालयबाट निर्णय भएको मितिले सात दिनभित्र जानकारी दिनु पर्नेछ र छनौट भएको संस्थाको नामावली मन्त्रालयको वेवसाइटमा समेत राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम जानकारी दिंदा त्यस्तो वैज्ञानिक समाजले प्राप्त गर्न सक्ने अनुदान सहयोग समेत उल्लेख गर्नु पर्नेछ ।

(३) वैज्ञानिक समाजले छनौटको जानकारी प्राप्त गरेपछि जेठ मसान्तसम्म जर्नल प्रकाशन गर्नु पर्नेछ ।

११. **<u>भुक्तानी दिनेः</u>** (१) वैज्ञानिक समाजले जर्नलको सक्कल तीन प्रति सहित अनुदान सहयोग भुक्तानीको लागि मन्त्रालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा मन्त्रालयले वैज्ञानिक समाजले चालु आर्थिक वर्षमा जर्नल प्रकाशन गरे, नगरेको यकीन गरी प्रकाशन गरेको देखिएमा अनुदान सहयोग भुक्तानी दिनेछ ।

(३) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आर्थिक वर्ष २०७७।०७८ हकमा वैज्ञानिक समाजले मन्त्रालयबाट संस्था छनौटको जानकारी प्राप्त गर्नु अघि जर्नल प्रकाशन गरेको भए छनौटको जानकारी प्राप्त गरे पछि सो जर्नलको सक्कल तीन प्रति सहित अनुदान सहयोगको लागि मन्त्रालयमा निवेदन दिनु पर्नेछ ।

१२. **<u>अनुदान सहयोग नदिइनेः</u>** (१) अनुदान सहयोगका लागि छनौट भएको वैज्ञानिक समाजले असार महिनाको पहिलो हप्तासम्म प्रकाशित जर्नल सहित भुक्तानीका लागि निवेदन नदिएमा आर्थिक सहयोग दिइने छैन।

(२)यस कार्यविधि बमोजिम अनुदान सहयोग रकम लिई दुरुपयोग गरेको पाइएमा त्यस्तो वैज्ञानिक समाजलाई प्रचलित कानून बमोजिम कारबाही गरी रकम असुल उपर गरिनेछ ।

१३. **<u>बाझिएमा अमान्य हुनेः</u>** यस कार्यविधिमा लेखिएको कुनै कुरा प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म कार्यविधिको व्यवस्था अमान्य हुनेछ ।

अनुसूची-१

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

**अनुदान सहयोगको लागि निवेदन माग गर्ने सूचना**

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरवार काठमाडौंको आ. व.२०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार " वैज्ञानिक समाजलाई अनुदान सहयोग कार्यविधि, २०७९" बमोजिम जर्नल प्रकाशन गर्ने वैज्ञानिक समाजलाई आर्थिक सहयोग उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा उक्त कार्यक्रमको लागि आर्थिक सहयोग प्राप्त गर्न चाहने वैज्ञानिक समाजले यो सूचना प्रकाशित भएको मितिले एक्काइस दिनभित्र कार्यालय समयभित्र आई पुग्ने गरी सोही कार्यविधिको अनुसूची-२ बमोजिमको ढाँचामा यस मन्त्रालयमा निवेदन दिनु हुन अनुरोध छ । म्याद नाघी दर्ता हुन आएका वा रीत नपुगेका निवेदनहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत यसै सूचनाद्वारा सम्बन्धित सबैलाई जानकारी गराइन्छ । उल्लिखित कार्यविधिको पूर्णपाठ मन्त्रालयको वेभसाइट www.moest.gov.np वा वैज्ञानिक अनुसन्धान शाखामा सम्पर्क गरी प्राप्त गर्न सकिनेछ ।

अनुसूची-२

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

**<u>अनुदान सहयोगको लागि दिनु पर्ने निवेदनको ढाँचा</u>**

| | | |
|---|---|---|
| १ | संस्थाको नामः | |
| २ | ठेगानाः | |
| ३ | सम्पर्क टेलिफोन नंः | |
| ४ | ई-मेलः | |
| ५ | संस्थाको अध्यक्ष को नामः | |
| ७ | अध्यक्षको ई-मेल/मोबाइल नंः | |
| ८ | संस्था दर्ता भएको निकाय र दर्ता मिति | |
| ९ | प्यान नं. | |
| १० | संस्था स्थापनाका प्रमुख पाँच उद्देश्य | |
| | (क) | |
| | (ख) | |
| | (ग) | |
| | (घ) | |
| | (ङ) | |
| ११ | संस्थाको विधान अनुसार पछिल्लो साधारण सभा सम्पन्न मितिः | |
| १२ | पछिल्लो साधारण सभासम्मको कुल सदस्य संख्या र उपस्थित संख्याः | |
| १३ | संस्थाको विधान अनुसार पछिल्लो लेखा परिक्षण सम्पन्न मितिः | |

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | संस्थाले प्रकाशन गर्ने गरेको जर्नलको नामः | | | | |
| १५ | संस्थाले प्रकाशन गर्दै गरेको पछिल्लो पाँच वर्षको जर्नल को विवरणः ☑ लगाउने | पछिल्लो पाँच वर्षमा जर्नल प्रकाशन नगरेको | | पछिल्लो पाँच वर्षमा पाँच पटक भन्दा बढी जर्नल प्रकाशन गरेको | |
| | | पछिल्लो पाँच वर्षमा कम्तीमा तीन पटक जर्नल प्रकाशन गरेको | | पछिल्लो पाँच वर्षमा तीन देखि पाँच पटक जर्नल प्रकाशन गरेको | |
| १६ | संस्थाले हालसम्म प्रकाशन गरेको कुल जर्नल, वर्ष, अङ्क आदि खुलाउनेः | | | | |
| १७ | पछिल्लो पाँच वटा सफलतापूर्वक आयोजना गरेको आफ्नो विषयसँग सम्बन्धित सभा, सम्मेलन, कार्यशाला गोष्ठीहरुको नाम र उद्देश्य | | | | |
| | (क) | | | | |
| | (ख) | | | | |
| | (ग) | | | | |
| | (घ) | | | | |
| | (ङ) | | | | |
| १८ | जर्नल प्रकाशन कार्यविधि (बढीमा एक सय शब्दमा उल्लेख गर्ने) | | | | |

| | | |
|---|---|---|
| १९ | आन्तरिक वा अन्तर्राष्ट्रिय पियर रिभ्यूको अवस्था (बढीमा दुई सय शब्दमा उल्लेख गर्ने) | |
| २० | संस्थाको समान विषयगत अन्तर्राष्ट्रिय संस्थासँगको सम्बन्ध (बढीमा एक सय शब्दमा उल्लेख गर्ने) | |
| २१ | जर्नल प्रकाशनमा नेपाल सरकारले प्रोत्साहन गर्न के गर्नु पर्छ (पाँच बुँदामा संस्थागत सुझाव दिनुहोस्) | |
| | (क) | |
| | (ख) | |
| | (ग) | |
| | (घ) | |
| | (ङ) | |
| २२ | संलग्न कागजातहरुः | संलग्न गरी ☑ लगाउने । |
| | (क) संस्था दर्ताको प्रमाणित प्रतिलिपि | |
| | (ख) स्थायी लेखा नम्बरको प्रमाणित प्रतिलिपि | |
| | (ग) संस्थाको विधान | |
| | (घ) पछिल्लो साधारण सभाको माइन्युटको प्रमाणित प्रतिलिपि (कुल सदस्य संख्या र उपस्थित सदस्य संख्या खुलेको हुनु पर्ने) | |
| | (ङ) पछिल्लो कर चुक्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि | |
| | (च) पछिल्लो पाँच वर्षमा प्रकाशित पछिल्ला तीन थान जर्नलको सक्कल प्रति (प्रतिलिपि भए प्रमाणित हुनु पर्ने) | |
| | (छ) सबैभन्दा पहिलो जर्नलको सक्कल प्रति (प्रतिलिपि भए प्रमाणित हुनु पर्ने) | |

| | | |
|---|---|---|
| | (ज) पछिल्ला पाँच सेमिनार, गोष्ठी आदिको कार्यतालिका, उपस्थितिको माइन्युट तथा निष्कर्ष | |
| | (झ) संस्थाको प्रकाशनको कार्यविधि, आन्तरिक पियर-रिभ्यु भएको भए विज्ञहरुको नाम र टिप्पणी | |
| | (ञ) अन्तर्राष्ट्रिय रुपमा पियर-रिभ्यु भएको भए सो सम्बन्धी प्रमाणको प्रमाणित प्रतिलिपि | |
| | (ट) अन्य केही भए उल्लेख गर्ने | |
| २३ | निवेदक संस्थाको अधिकार प्राप्त व्यक्तिको, | |
| | नामः | |
| | पदः | |
| | हस्ताक्षर/ मितिः | |
| | संस्थाको छापः | |

अनुसूची-३

(दफा ८ सँग सम्बन्धित)

## वैज्ञानिक समाज छनौटका आधारहरु

| क्र.सं. | शिर्षक | शर्त | प्राप्त हुने अङ्क |
|---|---|---|---|
| १. | संस्था दर्ता | दश वर्ष भन्दा बढी भएको | २० |
| | | पाँच वर्ष देखि दश वर्ष सम्म भएको | १५ |
| २. | साधारण सभा र लेखापरीक्षण (साधारण सभाको माइन्यूट र लेखापरीक्षण प्रतिवेदन अध्ययन हुने) | निवेदक संस्थाको विधान वा नियमावलीमा उल्लेखित समयमा साधारण सभा र लेखापरीक्षण गरेको | १० |
| | | निवेदक संस्थाको विधानमा उल्लेखित समयमा साधारण सभा र लेखापरीक्षण मध्ये कुनै एक गरेको | ५ |
| ३. | जर्नलको संख्या तथा वर्षः (पछिल्लो पाँच वर्षमा प्रकाशित पाँच जर्नल अध्ययन हुने) | पाँच वर्ष देखि लगातार जर्नल प्रकाशन गरेको | २० |
| | | पछिल्लो पाँच वर्षसम्म कम्तीमा तीन वटा जर्नल प्रकाशन गरेको | १५ |
| ४. | पछिल्लो पाँच वर्षमा राष्ट्रिय वा अन्तर्राष्ट्रिय स्तरको आफ्नो विषयसँग सम्बन्धित सभा, सम्मेलन, कार्यशाला वा गोष्ठी सञ्चालन गरेको (यस खण्डको प्रयोजनको लागि "अन्तर्राष्टिय स्तर" भन्नाले कम्तीमा एक विदेशी विज्ञले शोधपत्र प्रस्तुत गरेको र "राष्ट्रिय स्तर" भन्नाले नेपालमा कार्यक्रम सञ्चालन गरेको अवस्थालाई बुझाउनेछ ।) [कार्यक्रमको प्रतिवेदन अध्ययन हुने] | पछिल्लो पाँच वर्षमा हरेक वर्ष कार्यक्रम सञ्चालन गरेको र ती कार्यक्रम मध्ये कम्तीमा एक अन्तर्राष्ट्रिय स्तरको कार्यक्रम सञ्चालन गरेको | २० |
| | | पछिल्लो पाँच वर्षमा कम्तीमा एक राष्ट्रिय र एक अन्तर्राष्ट्रिय स्तरको कार्यक्रम सञ्चालन गरेको | १५ |
| | | पछिल्लो पाँच वर्षमा कम्तीमा एक राष्ट्रिय वा अन्तर्राष्ट्रिय स्तरको कार्यक्रम सञ्चालन गरेको | १० |

| | | | |
|---|---|---|---|
| **५.** | पियर रिभ्यू | वैज्ञानिक समाजबाट पछिल्लो पटक प्रकाशन भएको जर्नलको अन्तर्राष्ट्रिय स्तरमा पियर रिभ्यू गरेको | २० |
| | | वैज्ञानिक समाजले आन्तरिक कार्यविधि बनाई पछिल्लो पटक प्रकाशन भएको जर्नलको पियर रिभ्यू गरेको | १५ |
| **६.** | संस्थाको उद्देश्य (संस्थाको विधान अध्ययन हुने) | संस्थाको विधानमा आफ्नो विषयसँग सम्बन्धित जर्नल प्रकाशन, सोधपत्रको प्रस्तुति सहितको कार्यशाला, गोष्ठी, सभा वा सम्मेलन गर्ने उद्देश्य उल्लेख भएको | ५ |
| **७.** | संस्थाको अन्तर्राष्ट्रिय सम्बन्ध (संस्थाले पेश गरेको प्रमाण अध्ययन हुने) | समान उद्देश्य बोकेका र एउटै विषयसँग सम्बन्धित अन्तर्राष्ट्रिय संघ संस्थासँग सम्बन्ध रहेको प्रमाण पेश भएको | ५ |

**नोटः** सम्बन्धित कागजात पेश नगर्ने संस्थालाई अङ्क प्रदान गरिने छैन ।